# मानवअधिकारपत्र

सबैका लागि मर्यादा, समानता र न्याय

*Human Rights Post*

NHRC Monthly Newsletter Vol. 5 Issue 12, Mar. - Apr. 2013

वर्ष ५, अङ्क १२ राष्ट्रिय मानवअधिकार आयोगको समाचार बुलेटिन २०६९ चैत


## ४८ औं अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मूलन दिवस

# जातीय भेदभावसम्बन्धी कानुन कार्यान्वयनमा जोड

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (नेपालगञ्ज) ले जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी ऐनबारे जाजरकोटमा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ ।

'जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८' को कार्यान्वयनमा देखिएका चुनौतीबारे केन्द्रित सो अन्तरक्रिया कार्यक्रममा बोल्दै जाजरकोट प्रमुख जिल्ला अधिकारी कृष्णश्याम बुढाथोकीले जातीय भेदभावबाट पीडित बनेका नागरिकलाई सामाजिक न्याय दिने दिशामा सबैको ध्यान जानुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले जातीय भेदभावलाई दण्डनीय अपराधको रूपमा चित्रण गर्दै पीडित व्यक्तिलाई न्याय दिने र पीडकलाई कानुनी कारबाहीको दायरामा ल्याउने दिशामा हाम्रा प्रयासहरू केन्द्रित हुनुपर्ने धारणा अघि सार्नुभयो ।

राष्ट्रिय दलित नेटवर्क (जाजरकोट) का अध्यक्ष गोपालबहादुर नेपालीले २०७७




सालसम्म दैलेखलाई जातीय भेदभावमुक्त जिल्लाको रूपमा घोषणा गर्ने अभियान शुरु गरिएको जानकारी दिँदै यस अभियानमा सबैको सहयोग र समर्थन आवश्यक भएको बताउनुभयो ।

असल शासन क्लब (जाजरकोट) प्रवीण नेपालीले जातीय भेदभावविरुद्ध जिल्ला प्रहरी कार्यालयमा थुप्रै उजुरी दर्ता भए पनि पीडितले न्याय पाउन नसकेकोबारे बेलिविस्तार लाउँदै यस दिशामा आउँदा दिनमा सरोकारवालाहरूले खेल्ने भूमिकाबारे जानकारी माग्नुभएको थियो ।

पत्रकार तथा दलित अधिकारकर्मी नेत्रलाल सुनारले समाजलाई अन्याय र अत्याचारबाट मुक्त गर्न जातीय भेदभाव र छुवाछुतको अन्त्य हुनुपर्ने आवश्यकतामाथि प्रकाश पार्नुभयो ।

राष्ट्रिय दलित नेटवर्क (जाजरकोट) दलबीर नेपालीले सबै मानवबीच न्यायोचित मानवीय व्यवहार कायम गर्नका लागि गरिनुपर्ने कामहरूमध्ये जातीय भेदभाव हटाउनु पनि एक भएको धारणा अघि सार्नुभयो ।

...बाँकी पृष्ठ २ मा

# मानव अधिकारबारे आधारभूत तालिम

राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय (जुम्ला) ले मानव अधिकार र क्षकहरूका लागि मानव अधिकारसम्बन्धी दुई दिवसीय आधारभूत तालिम आयोजना गरेको छ ।

तालिममा मानव अधिकारको विश्वव्यापी अवधारणा, मानव अधिकारसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन, मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा राज्यको दायित्व, मानव अधिकारको श्रीवृद्धिमा मानव अधिकार रक्षक र नागरिक समाजको भूमिका, मानव अधिकारसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय संयन्त्र, अपराध र मानव अधिकार उल्लङ्घनमा भिन्नतालगायतका विषयमा छलफल भएको थियो ।

सो अवसरमा राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय (जुम्ला) का प्रमुख झङकरबहादुर रावल, जिल्ला

...बाँकी पृष्ठ २ मा

## यसभित्र


१. सामाजिक परिचालकहरूलाई मानव अधिकारमुखी विकास पद्धतिबारे प्रशिक्षण ३
२. आपसी सहयोग र सहकार्यमा जोड ४
३. जाजरकोटका अधिकारकर्मीहरूलाई तालिम ४
४. सत्य निरुपण तथा मेलमिलाप आयोग अन्तर्राष्ट्रिय मापदण्डअनुरुपको हुनुपर्ने : क्रिस्टिन फ्रीस बाक ५
५. प्रहरी हिरासतमा अभियुक्तको मृत्यु भएकोबारे अनुगमन ६
६. बराल र डा. तुम्बाहाम्फेलाई "दयाराम परियार मानव अधिकार स्मृति सम्मान" ७
७. उपभोक्ता हक – अधिकार सुनिश्चित हुनुपर्ने ७
८. एसएलसी परीक्षा केन्द्रको अनुगमन ८

## जातीय भेदभाव... पृष्ठ १ को बाँकी

अधिकारकर्मी पार्वती विश्वकर्माले जातीय भेदभाव गर्ने व्यक्तिलाई कतिपय अवस्थामा राजनीतिक दलहरूले संरक्षण दिएको प्रसंग कोट्याउँदै जातीय उत्पीडनको मुद्दा लिएर जाँदा सरोकारवाला निकायहरूले बेवास्ता गरेको बताउनुभयो ।

नेपाल पत्रकार महासंघ (जाजरकोट) का उपाध्यक्ष जनक केसीले समाजका प्रत्येक सदस्यले सम्मानपूर्वक बाँच्न पाउने वातावरण तयार पार्ने दिशामा क्रियाशील हुनुपर्ने खाँचो औंल्याउँदै जातीय भेदभावसम्बन्धी कानुन कार्यान्वयन गरेर जातीय विभेद निर्मूल पार्नका लागि आपसी सहयोग र सहकार्यको संस्कृति विकास गर्नुपर्ने धारण अघि सार्नुभयो ।

नेकपा माओवादी ढकबहादुर रानाले समाजमा जरो गाडेर बसेको जातीय भेदभावलाई १० वर्षभन्दा लामो सशस्त्र द्वन्द्वका क्रममा अन्त्य गर्नका लागि आफूहरू लागिपरे पनि सफल नभएको प्रसंग कोट्याउँदै यसका लागि जनचेतना अभिवृद्धि र सामूहिक प्रयास आवश्यक रहेको बताउनुभयो ।

नेकपा एमालेका रीता रावलले सामाजिक कुसंस्कारले दलित महिला बढी उत्पीडनमा परेको चर्चा गर्दै गैरदलितको गर्भ बोकेका दलित महिलाहरूमाथि अन्याय भइरहेको प्रसंग उठाउनुभयो ।



राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प.सं.
च. नं.

प्रेस विज्ञप्ति

२०६९ चैत ७ गते

सन्दर्भ: जातीय भेदभावविरुद्धको अन्तर्राष्ट्रिय दिवस (मार्च २१)

**जातीय विभेद र शोषणबाट पीडित नागरिकलाई न्यायमा पहुँच आवश्यक**

भेदभावरहित समाज निर्माणको दिशामा नेपाली समाज अघि बढिरहेकै बेलामा दलित र गैरदलितबीच अन्तरजातीय विवाह भएकोमा डर-धम्कीको वातावरण पैदा गर्ने, दलितले पानी छोइदिएकोमा दण्ड दिनेजस्ता मानव-मर्यादाविरुद्धको निकृष्ट व्यवहार अझै जारी रहनु खेदजनक विषय हो ।

'मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८', 'जातीय भेदभावविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि, १९६५' 'नेपालको अन्तरिम संविधान, २०६३', 'जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन' लगायत थुप्रै अन्तर्राष्ट्रिय महासन्धि र राष्ट्रिय कानुनले जातीय भेदभावलाई दण्डनीय अपराध ठहऱ्याएको छ । तर पनि जातीय भेदभाव तथा छुवाछूतको गलत परम्परा जारी नै छ । यसका लागि सामाजिक जागरण जति आवश्यक छ, त्यति नै जातीय विभेद र शोषणबाट पीडित नागरिकलाई न्यायको पहुँचमा पुऱ्याउन राज्यसंयन्त्र प्रभावकारी हुन आवश्यक छ । साथै समाजका सदस्यहरूबीच सद्भाव र सहकार्य विस्तार हुनु उत्तिकै जरुरी छ ।

यसैगरी, मानव अधिकारमा आधारित सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्नु र जातीय विभेदमुक्त प्रक्रिया र व्यवहार अङ्गिकार गर्नु पनि नितान्त आवश्यक छ । साथै, कानुन कार्यान्वयन गर्ने निकायलाई अझ क्रियाशील बनाई दोषीमाथि कानुनी कारबाही गर्न र भविष्यमा हुनसक्ने जातीय भेदभावविरुद्धको निकृष्ट व्यवहारलाई रोकथाम र अन्त्य गर्न आयोग सरकारसँग आह्वान गर्दछ ।

नेकपा एमाओवादी मनबहादुर रावलले सयौं वर्षदेखि जातीय भेदभावको कुरीतिबाट समाज गुज्रिरहेको प्रसंग कोट्याउँदै समाजका सबै तह र तप्काका नागरिकमा साझा प्रतिबद्धता र सामूहिक प्रयास कायम गर्न सकिएमा जातीय भेदभाव अन्त्य गर्न सकिने विचार अघि सार्नुभयो ।

जिल्ला न्यायाधिवक्ता केशव चपाईले नागरिक सचेतना अभिवृद्धि गर्ने, सरोकारवाला निकायहरूबीच समन्वय र सहकार्यको संस्कार अभिवृद्धि गर्न सहयोग पुग्ने खालका कार्यक्रम अघि सार्नेजस्ता व्यवहारिक कार्य पद्धति अपनाउन सकेमा जातीय भेदभावलाई अन्त्य गर्न सकिने बताउनुभयो ।

जिल्ला विकास समिति (जाजरकोट) योजना अधिकृत कुलबहादुर डीसीले हाम्रा प्रयासहरू समतामूलक समाज सिर्जना गर्ने दिशामा केन्द्रित हुनुपर्ने धारणा अघि सार्नुभयो ।

प्रहरी नायव उपरीक्षक रमेश थापाले कानुनी रूपमा जातीय भेदभाव उन्मूलन भएको ४८ वर्ष बितिसकेको तथा 'जातीय भेदभाव तथा छुवाछुत कसुर र सजाय ऐन' बनिसकेको अवस्थामा पनि जातीय भेदभाव अन्त्य हुन नसक्नु दुःखद् स्थिति हो भन्नुभयो ।

उहाँले प्रहरी प्रशासन जातीय विभेद अन्त्य गर्ने दिशामा सक्रिय रूपमा लागेको चर्चा गर्दै कुनै प्रहरीले जातीय भेदभाव झल्किने व्यवहार देखाएमा सम्बन्धित व्यक्तिलाई विभागीय कारबाहीको दायरामा ल्याइने जानकारी दिनुभयो ।

हरेक वर्ष मार्च २१ तारिखका दिन अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मुलन दिवस मनाइन्छ ।

## मानव अधिकारबारे... पृष्ठ १ को बाँकी




अदालत (जुम्ला) का श्रेस्तेदार गोविन्द आचार्य र राजेन्द्रप्रसाद न्यौपानेले स्रोत व्यक्तिको रूपमा गर्नुभएको थियो ।

तालिमको समापन समारोहमा बोल्दै अधिकांश सहभागीले तालिमबाट आफूहरूमा मानव अधिकारबारे अवधारणागत स्पष्टता आएको बताउनुभएको थियो । उहाँहरूले तालिमको आयोजना गरेकोमा आयोगलाई धन्यवादसमेत दिनुभएको थियो ।

तालिममा मुग, कालिकोट र जुम्लाका पत्रकार, शिक्षक, महिला मानव अधिकार रक्षक, अर्धन्यायिक निकायका प्रतिनिधि एवम् नागरिक समाजका प्रतिनिधि गरी ३१ जनाको सहभागिता थियो । कुल सहभागीमध्ये ८ जना महिला हुनुहुन्थ्यो ।


# राष्ट्रिय मानवअधिकार आयोग

## केन्द्रीय कार्यालय, ललितपुर

**आयोगका पदाधिकारीहरू**

अध्यक्ष : केदारनाथ उपाध्याय
सदस्य : रामनगिना सिंह
सदस्य : गौरी प्रधान
सदस्य : डा. लीला पाठक
सदस्य : डा. के.बी. रोकाया

# सामाजिक परिचालकहरूलाई मानव अधिकारमुखी विकास पद्धतिबारे प्रशिक्षण




राष्ट्रिय मानव अधिकार आयोगले धादिङ जिल्लाको सदरमुकाम धादिङबेसीमा 'आधारभूत मानव अधिकार र मानव अधिकारमुखी विकास पद्धति' विषयक दुई दिवसीय प्रशिक्षण कार्यक्रम आयोजना गरेको छ ।

आयोगका सदस्य गौरी प्रधानले स्थानीय निकायमा जनननिर्वाचित पदाधिकारी नभएको अवस्थामा सामाजिक परिचालकहरूको भूमिका अरू बढेर गएको चर्चा गर्दै उहाँहरूले स्थानीयस्तरमा मानव अधिकार र विकाससँग जोडिएका विषयमा सहजकर्ताको भूमिका खेल्नसक्ने विचार राख्नुभयो ।

उहाँले राज्यका सेवा जनताको घरदैलोमा पुग्नुपर्ने आवश्यकता औंल्याउँदै राज्यका सेवा र सुविधाहरूलाई सही तरिकाले सही ठाउँमा पुऱ्याउने कार्यमा सामाजिक परिचालकहरूको महत्वपूर्ण भूमिका हुने धारणा अघि सार्नुभयो ।

प्रशिक्षण कार्यक्रममा मन्तव्य दिँदै आयोगको क्षमता सबलीकरण परियोजनाका राष्ट्रिय परियोजना व्यवस्थापक साधना घिमिरेले मानव अधिकार मानव जीवनको सर्वपक्षीय विषयसँग जोडिएको हुँदा सामाजिक परिचालकहरूको समेत मानव अधिकार र विकासमा महत्वपूर्ण भूमिका रहने धारणा राख्नुभयो ।

कार्यक्रममा धादिङका जिल्ला न्यायाधीश सहदेवप्रसाद बास्तोला, प्रमुख जिल्ला अधिकारी वेदप्रसाद खरेल, गैरसरकारी संस्था महासंघ नेपालका जिल्ला अध्यक्ष दामोदर अर्याल, महिला तथा बालकालिका कार्यालयका प्रतिनिधि निर्मला केसीलगायतले विकासमा मानवअधिकार मुखी पद्धतिको आवश्यकताबारे मन्तव्य दिनुभएको थियो ।

प्रशिक्षणका क्रममा मानव अधिकारसम्बन्धी आधारभूत अवधारणा, मानव अधिकार संरक्षण संयन्त्र; मानव अधिकार रक्षकहरूको अवस्था, भूमिका र चुनौती; महिला अधिकारका सवालहरू; मानव अधिकारमुखी विकास पद्धति; संक्रमणकालीन न्यायका आधारभूत मूल्य मान्यता; समूहिक अधिकारलगायतका विषयमा छलफल गरिएको थियो ।

सो अवसरमा आयोगका सदस्य गौरी प्रधान, सम्वर्द्धन तथा वकालत महाशाखाका प्रमुख सूर्य देउजा, मानव अधिकृतद्वय सुरेश मल्ल र सम्झना शर्मा र अधिकारकर्मी राधिका सापकोटाले प्रशिक्षकको भूमिका निर्वाह गर्नुभएको थियो ।

देशमा सञ्चालन गरिने विकाससम्बन्धी गतिविधहरूलाई पहुँचयोग्य, सहभागितामूलक, दीगो र प्रभावकारी बनाउन सघाउने एवम् विकास कार्यक्रमहरूलाई मानव अधिकारमैत्री बनाउन सहजीकरण गर्ने उद्देश्यले सो प्रशिक्षण कार्यक्रम आयोजना गरिएको थियो ।

जिल्ला विकास समिति धादिङ अन्तर्गतका सामाजिक परिचालकहरूलाई लक्षित गरी सञ्चालन गरिएको सो प्रशिक्षण कार्यक्रममा नेपाल बार एसोसिएसन, नेपाल पत्रकार महासंघ, मानव अधिकार र विकासका क्षेत्रमा कार्यरत स्थानीय गैरसरकारी संस्थाका प्रतिनिधिसहित ६० जनाको उपस्थिति रहेको थियो । कार्यक्रमको आयोजनामा जिल्ला विकास समिति धादिङले सहयोग पुऱ्याएको थियो ।

आयोगका पदाधिकारी र जर्मनीका सांसदहरूबीच भेटवार्ता

# आपसी सहयोग र सहकार्यमा जोड

राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरुसँग जर्मनीको संसदको मानवीय अधिकार सहयोग समितिका सांसदहरूको एक टोलीले शिष्टाचार भेट गर्नुभएको छ ।

सो अवसरमा आयोगका पदाधिकारीहरूले मानव अधिकार संरक्षण तथा सम्वर्द्धनको लागि द्विपक्षीय सम्बन्धमा जोड दिँदै नेपालको संक्रमणकालीन न्याय, सरकारले हालै जारी गरेको सत्य निरूपण तथा मेलमिलापसम्बन्धी अध्यादेशलगायतका विषयमा दिनुभएको थियो ।

भेटवार्तामा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले आसन्न निर्वाचनको निष्पक्षता र मानव अधिकारको सम्बन्धमा आयोगले अनुगमन गर्ने जानकारी दिनुभयो ।

एक प्रसंगमा उहाँले सशस्त्र द्वन्द्वकालीन समयको तुलनामा मानव अधिकार उल्लंघनको घटनाहरूमा कमी आए पनि आयोगको सिफारिसहरूको चित्तबुझ्दो किसिमले कार्यान्वयन नभएको बताउनुभयो ।

भेटको अवसरमा आयोगका सदस्य गौरी प्रधानले मानव अधिकार रक्षकहरूको सुरक्षा तथा व्यवसायिकताप्रति आयोग सम्वेदनशील भएको, सत्य निरुपण तथा मेलमिलाप आयोग अन्तर्राष्ट्रिय मापदण्डको अनुसारको बनाउनका लागि आयोगको प्रयास जारी रहेको र आयोगले यस सम्बन्धमा धारणा सार्वजनिक गरिसकेको बताउनुभयो ।

सो अवसरमा जर्मनीको संसदीय टोलीका नेता मिखाइल ब्राण्डले मानव अधिकार र सहयोग समितिले आयोगसँग मानव अधिकार संरक्षण तथा सम्वर्द्धनको लागि सहकार्य र सहयोग गर्न इच्छुक रहेको बताउनुभयो ।

उहाँले थुप्रै चुनौतीहरू सामना गर्नुपरे पनि आयोग मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनमा क्रियाशील रहेको चर्चा गर्दै आयोगले हाँसिल गरेको उपलब्धीको प्रशंसा गर्नुभयो ।

भेटवार्तामा आयोगका सदस्यहरू रामनगिना सिंह, गौरी प्रधान, डा. लीला पाठक, डा. केबी रोकाया तथा कामु सचिव वेदप्रसाद भट्टराईको उपस्थिति थियो ।

सो अवसरमा संसदीय टोलीमा सांसदहरू मिखाइल ब्राण्ड, एन्जेलिका ग्राफ, मारिना सुस्टर, क्याटरिन वार्नर र रैनर बुसर उपस्थित हुनुहुन्थ्यो ।

# जाजरकोटका अधिकारकर्मीहरूलाई तालिम

राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय (नेपालगञ्ज) ले जाजरकोटमा कार्यरत अधिकारकर्मीहरूका लागि एक दिवसीय आधारभूत मानव अधिकार सम्बन्धी तालिम आयोजना गरेको छ ।



तालिममा मानव अधिकारको विश्वव्यापी अवधारणा; राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य, अधिकार तथा क्षेत्राधिकार; जातीय छुवाछुत तथा भेदभाव (कसुर र सजाय) ऐन २०६८; सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने महासन्धि १९६५; अविभेद र समानताको सिद्धान्त; दलित अधिकारको संरक्षण तथा सम्वर्द्धनमा सञ्चार माध्यमको भूमिका; अधिकार तथा कर्तव्य; आदिबारे जानकारी दिइएको थियो ।

तालिममा राष्ट्रिय मानवअधिकार आयोगका क्षेत्रीय कार्यालय नेपालगञ्जका मानवअधिकार अधिकृतद्वय रमेशकुमार थापा र हरिप्रसाद ज्ञवाली, प्रशासन सहायक सरस्वती नेपाली, भरतकुमारी चौधरी, सरकारी वकिल केशव चपाई, दलित अधिकारकर्मी नेत्रलाल सुनारलगायतले सहजीकरण गर्नुभएको थियो ।

सो अवसरमा जाजरकोटमा विद्यमान विभेद, विभेदमा संलग्न प्रतिनिधि पात्र तथा प्रवृत्तिको बारेमा छलफल गरिएको थियो । यसका अतिरिक्त जिल्लामा विद्यमान जातीय भेदभावका विभिन्न स्वरूप, छुवाछुत अन्त्यका लागि भएका प्रयास र चुनौती आदिका बारेमा समूह कार्य गरी समस्या समाधानका उपायहरू पनि खोजिएको थियो ।

त्यसैगरी, मानव अधिकार संरक्षण र सम्वर्द्धनमा राष्ट्रिय मानव अधिकार आयोग र सरोकारवाला निकायहरूको भूमिकाबारे पनि चर्चा गरिएको थियो ।

जाजरकोट जिल्लामा कार्यरत दलित अधिकारकर्मी, राजनीतिकर्मी एवम् पत्रकारहरूलाई लक्षित गरी सञ्चालन गरिएको उक्त तालिममा करिब ३५ जनाको सहभागिता रहेको थियो ।

स्थानीय मानव अधिकारकर्मीहरूलाई मानव अधिकार संरक्षण र सम्वर्द्धनको दिशामा अझ बढी सशक्त बन्न सहयोग पुर्‍याउने उद्देश्यले तालिम आयोजना गरिएको थियो ।

# सत्य निरूपण तथा मेलमिलाप आयोग अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको हुनुपर्ने : *डेनिस विकास सहयोग मन्त्री*




डेनमार्कका विकास सहयोगसम्बन्धी मन्त्री क्रिस्टिन फ्रीस बाकले सत्य निरुपण तथा मेलमिलाप आयोग अन्तर्राष्ट्रिय मापदण्डअनुरुपको प्रावधानहरूलाई समेटेर गठन हुनुपर्ने धारणा अघि सार्नुभएको छ ।

राष्ट्रिय मानव अधिकार आयोगले आयोजना गरेको 'मानव अधिकार र शान्ति' विषयक गोलमेच वार्तामा प्रमुख अतिथिको आसनबाट बोल्दै उहाँले उक्त धारणा अघि सार्नुभएको हो ।

उहाँले विगतमा लागेको घाउको उपचार नगरी अघि बढेको शान्ति प्रक्रिया अर्थपूर्ण नहुने धारणा राख्दै संक्रमणकालीन न्यायको माध्यमबाट द्वन्द्वपीडितहरूलाई न्याय दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल भ्रमणका क्रममा आफूले द्वन्द्वपीडितहरूलाई भेटेको प्रसंग उल्लेख गर्दै उहाँले उनीहरूको पीडालाई न्यायपूर्ण ढङ्गबाट सम्बोधन गनुपर्ने खाँचो औंल्याउनुभयो ।

सो अवसरमा बोल्दै राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले डेनमार्क सरकारले नेपालको मानव अधिकार र सुशासनको पक्षमा सहयोग गरेको उल्लेख गर्दै मानव अधिकार संस्कृतिको अभिवृद्धिमा डेनमार्क असल साझेदार भएको बताउनुभयो ।

उहाँले एक प्रसंगमा वर्तमान सरकारले निर्धारित समयमा चुनाव गरेर संविधान निर्माण गर्ने, अन्तर्राष्ट्रिय मापदण्डअनुरुपको प्रावधानहरू समावेश गरेर सत्य निरुपण तथा मेलमिलापसम्बन्धी संयन्त्र गठन गर्नेलगायतका चुनौती सामना गरिरहेको धारणा व्यक्त गर्नुभयो ।

सो अवसरमा बोल्दै आयोगका सदस्य गौरी प्रधान संक्रमणकालीन न्यायमार्फत द्वन्द्वपीडितहरूलाई दिनुपर्ने आवश्यकता औंल्याउँदै गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनकर्ताहरूलाई आममाफी दिन नहुनेमा जोड दिनुभयो ।

कार्यक्रममा शर्मिला कार्की, रामकुमार भण्डारी, डा. मथुरा श्रेष्ठ, शंकर लिम्बू, सुबोध प्याकुरेललगायतका वक्ताहरूले विधिको शासन, भेदभावरहित एवम् न्यायपूर्ण समाज, शान्ति-सुव्यवस्था लगायतका विषयमा धारणा राख्नुभएको थियो ।

डेनमार्कका विकास सहयोगसम्बन्धी मन्त्री क्रिस्टिन फ्रीस बाक चैत २१ देखि २३ गतेसम्म नेपाल भ्रमण आउनुभएको थियो ।



# प्रहरी हिरासतमा अभियुक्तको मृत्यु भएकोबारे अनुगमन



राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय (पोखरा) ले तनहूँ जिल्ला पोखरीभञ्ज्याङ गाविस-४ निवासी सूर्यबहादुर तामाङको प्रहरी हिरासतमा मृत्यु भएकोबारे अनुगमन गरेको छ ।

तामाङलाई प्रहरीले गस्तीको क्रममा २०६९ साल चैत १५ गते राति १०:३० बजेतिर तनहूँस्थित एक स्कूल परिसरबाट ७५ ग्राम गाजा सहित पक्राउ परेको, तामाङलाई त्यही राति नै दमौली अस्पतालमा स्वास्थ्यजाँच गर्दा कानबाट रगत बगेको, अण्डकोष सुन्निएको र बेहोस अवस्थामा रहेकै समयमा दमौलीस्थित अस्पतालमा अभियुक्तलाई स्लाइन पानी दिइएको र त्यहाँ उपचार सम्भव नभएकोले गण्डकी अस्पताल पोखरामा 'रिफर' गरिएको अनुगमन प्रतिवेदनमा जनाइएको छ ।

तामाङलाई चैत १५ गते राति नै पोखरा पुर्‍याई उपचार प्रक्रिया अघि बढाउँदा बिहान ३ बजेको समयमा गण्डकी अस्पतालले तामाङलाई मृत घोषणा गरेको पनि प्रतिवेदनमा उल्लिखित छ ।

तामाङको मृत्युको खबर फैलिएपछि तनहूँका स्थानीय बासिन्दा र मृतकका परिवारजन आन्दोलित बनेका थिए। उनीहरूले प्रहरीको कुटाइबाट सूर्यबहादुर तामाङको मृत्यु भएको आरोप लगाएका थिए ।

आन्दोलनकारीहरूले दमौलीस्थित प्रहरीको बिट जलाएको, स्थनीय ओम फाइनान्स परिसरमा रोकिराखिएको ग ७ प ३०७४ नम्बरको मोटरसाइकल समेत तोडफोड गरेको प्रतिवेदनमा उल्लिखित छ ।

प्रतिवेदनका अनुसार प्रहरीले सयौं राउण्ड अश्रुग्यास प्रहार गर्दासमेत स्थिति नियन्त्रणमा नआएपछि गोली समेत चलाइएको र गोली लागी घाइते भएका प्रदर्शनकारीहरूलाई उपचारार्थ पोखरा लगिएको थियो ।

प्रहरीको लाठ्ठी तथा गोली लागी पाल्पा धारापानी घर भई तनहूँमा बस्दै आएका दीपक बोगटी, व्यास नगरपालिका-११ का सुरज घिसिङ, व्यास नगरपालिका-२ का कुशल कार्की, लमजुङ सोतीपसलका रवीन्द्र राना घाइते हुनुभएको थियो । घाइतेमध्ये बोगटीको घुँडा, घिसिङ र रानाको तिघ्रा र कार्कीको हातमा गोली लागेको प्रतिवेदनमा जनाइएको छ ।

घटनामा प्रहरी निरीक्षक रामकुमार दानी; प्रहरी नायव निरीक्षक लालबहादुर सोनाम; प्रहरी जवानहरू गोविन्द जिसी, भुवन मगर र गणेश थापालाई चोटपटक लागेको प्रतिवेदनमा उल्लिखित छ ।

चैत १६ गते जिल्ला प्रशासन कार्यालय तनहूँमा राजनीतिक दल, मृतकका परिवारजन, प्रहरी र प्रमुख जिल्ला अधिकारीसहितको बैठकले घटनामा संलग्न प्रहरी निरीक्षक शंकर चिदीमगरलगायत पाँचजना प्रहरीलाई निलम्बन गरी मृतक तामाङका परिवारलाई किरिया खर्चवापत् तत्कालका लागि ४० हजार रूपियाँ उपलब्ध गराउने राहत तथा क्षतिपूर्तिका लागि १५ लाख रूपियाँ चैत्र मसान्तभित्र उपलबध गराउनका लागि गृह मन्त्रालयमा लेखिपठाउने निर्णय गरेको थियो ।

प्रतिवेदनका अनुसार क्षेत्रीय प्रशासन कार्यालय कास्कीले तनहूँका प्रमुख जिल्ला अधिकारी वासुदेव दाहालको संयोजकत्वमा अञ्चल प्रहरी कार्यालय गण्डकीका वरिष्ठ प्रहरी उपरीक्षक केदारसिंह भण्डारी र क्षेत्रीय प्रशासन कार्यालय कास्कीका उपसचिव कृष्णप्रसाद रेग्मी सदस्य रहेको तीन सदस्यीय छानबिन समिति गठन गरेको थियो ।

कुनै पनि व्यक्तिलाई प्रहरीले आफ्नो नियन्त्रणमा लिनु भनेको उसको सुरक्षाको जिम्मा समेत लिनु हो भन्दै प्रहरी हिरासतमा अभियुक्तको मृत्यु भएको घट्नालाई सामान्य घट्नाको रूपमा लिन नमिल्ने अनुगमन प्रतिवेदनमा उल्लिखित छ ।

अनुगमनका क्रममा मृतकका परिवारजन, प्रत्यक्षदर्शी, प्रहरी-प्रशासन तथा घटनाबारेजानिफकारलगायतका व्यक्तिलाई भेटघाट गरी जानकारी संकलन गरिएको थियो ।

आयोगका निमित्त क्षेत्रीय निर्देशक यज्ञप्रसाद अधिकारी, मानव अधिकार अधिकृत ज्योतिप्रसाद घिमिरे र जनसम्पर्क सहायक खिमलाल सुवेदीले घटनाको अनुगमन गर्नुभएको थियो ।

# बराल र डा. तुम्बाहाम्फेलाई 'दयाराम परियार मानव अधिकार स्मृति सम्मान'

राष्ट्रिय मानव अधिकार आयोगले २०६९ सालको 'दयाराम परियार मानव अधिकार स्मृति सम्मान' बाट कास्कीका मानव अधिकारकर्मी टेकनाथ बराल र मोरङका मानव अधिकारकर्मी डा.शिवमाया तुम्बाहम्फेलाई सम्मान गर्ने निर्णय गरेको छ ।

आयोगका पूर्वकर्मचारी स्वर्गीय दयाराम परियारको सातौं स्मृति दिवसमा आयोगमा आयोजित स्मृतिसभामा सो निर्णय सार्वजनिक गरिएको हो ।

स्मृतिसभामा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले स्वर्गीय परियारलाई 'मानव अधिकार शहीद' घोषणा माग गर्दै सरकारलाई पत्राचार गरिसकेको तर सरकारबाट कुनै प्रतिक्रिया नआएको बताउनुभयो । उहाँले देशमा जस्तोसुकै व्यक्तिलाई शहीद घोषणा गर्ने परिपाटी भएको चर्चा गर्दै स्व. दयाराम परियार जस्ता वास्तविक योद्धालाई 'मानव अधिकार शहीद' घोषणा गर्ने दिशामा आलटाल भएकोमा दुःख व्यक्त गर्नुभयो ।

स्मृतिसभामा बोल्दै आयोगका कामु सचिव वेदप्रसाद भट्टराईले प्रहरीले चलाएको गोलीबाट दिवंगत हुनुभएका दयाराम परियारको न्यायका लागि आयोग प्रयासरत रहेको बताउनुभयो ।

उहाँले आयोगले घटनाको छानबिन गरी दोषीमाथि कारबाही गर्न र परिवारजनलाई राहत प्रदान गर्न सरकारलाई सिफारिश गरिसकेको जानकारी दिनुभयो ।

सो अवसरमा बोल्दै स्वर्गीय दयाराम परियारका दाजु प्रकाशचन्द्र परियारले दयाराम परियारलाई 'मानव अधिकार शहीद' घोषणा गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

उहाँले आयोगमा 'दयाराम स्मृति कोष' खडा गरेर मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने कार्यमा उल्लेखनीय योगदान दिने कर्मचारीलाई पुरस्कृत गर्नुपर्नेमा पनि जोड दिनुभयो ।

सो अवसरमा आयोगका सदस्यद्वय रामनगिना सिंह र गौरी प्रधान, कामु सचिव वेदप्रसाद भट्टराई, आयोगको क्षमता सबलीकरण परियोजनाका राष्ट्रिय परियोजना प्रबन्धक साधना घिमिरेलगायत उच्चपदस्थ कर्मचारी र मानव अधिकारकर्मीहरू उपस्थित हुनुहुन्थ्यो । दयाराम परियारले विसं २०६२ माघ २ गते राष्ट्रिय मानव अधिकार आयोगमा सेवा प्रवेश गर्नुभएको थियो । उहाँ आयोगको मध्यमाञ्चल क्षेत्रीय कार्यालय जनकपुरमा कार्यरत हुनुहुन्थ्यो ।

कर्मक्षेत्रमा खटिएकै बखत दयाराम परियारलाई २०६२ साल चैत्र ११ गते नेपाल प्रहरीले चलाएको गोली लागेको थियो । उहाँलाई उपचारका लागि शिक्षण अस्पताल (काठमाडौं) मा ल्याई भर्ना गरिएको थियो । उपचारकै क्रममा २०६२ साल चैत्र १५ गते उहाँको देहान्त भएको थियो ।

मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा योगदान पुऱ्याउने मानव अधिकारकर्मीलाई २०६८ सालदेखि 'दयाराम परियार मानव अधिकार स्मृति सम्मान' बाट सम्मान गर्न थालिएको हो ।

## अन्तर्राष्ट्रिय उपभोक्ता अधिकार दिवस

# उपभोक्ता हक - अधिकार सुनिश्चित हुनुपर्ने

राष्ट्रिय मानव अधिकार आयोगले उपभोक्ताको हकहित सुनिश्चित हुनुपर्ने आवश्यकता औंल्याएको छ ।

अन्तर्राष्ट्रिय उपभोक्ता अधिकार दिवसको अवसरमा आयोगद्वारा जारी गरिएको विज्ञप्तिमा भनिएको छ, 'वस्तु र सेवाको उत्पादन, भण्डारण र वितरणको सन्दर्भमा देशको ऐन, कानुन र कार्ययोजनाले उपभोक्ताहरूको हकहित र न्याय सुनिश्चित गरेता पनि थुप्रै अध्ययन र अनुगमनले त्यसको व्यावहारिक कार्यान्वयन हुन नसकेको तथ्य स्पष्ट पारेका छन् ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'उपभोक्ता संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय मार्गनिर्देशिका, १९९९' र राष्ट्रिय मानव अधिकार आयोगले जारी गरेको 'उपभोक्ता मानवअधिकार संरक्षण तथा सम्वर्द्धनका लागि अनुगमन मार्गनिर्देशिका-२०६८' ले उपभोक्ताको हकहितको सवाललाई मानव अधिकारको क्षेत्राधिकारका रूपमा स्थापित गरिसकेको छ ।'

विज्ञप्तिका अनुसार देशमा उपभोक्ताको हकहितबारे बनेको नीति-नियमको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, उपभोक्ताहरू पाइला-पाइलामा ठगिनु, उपभोक्ताहरूले समयमै गुणस्तरीय वस्तु र सेवा सहज ढङ्गले प्राप्त गर्न नसक्नु, त्यसमाथि खाद्य पदार्थमा मिसावट; अस्वस्थकर खानेकुरा; कमसल शिक्षा र स्वास्थ्य सेवा; अनियमित तथा अस्वस्थकर खानेपानी वितरण प्रणाली; अनियमित विद्युत आपूर्ति; बेथितिपूर्ण यातायात सेवा जस्ता समस्याहरू उपभोक्ताहरूले भोग्नुपरेका मूलभूत समस्याहरू हुन् ।

'जनसरोकारका यी सवालहरूलाई सम्बोधन गर्न सरकार विशेष रूपमा क्रियाशील र सजक हुन आवश्यक छ । साथै नियमनकारी निकाय, उपभोक्तावादी संघ-संस्था, उपभोक्ता र सचेत नागरिकको संगठित प्रयासबाट उपभोक्तालाई न्याय दिन सकिन्छ', विज्ञप्तिमा भनिएको छ ।

हु.द.नं. २६/०६६/०६७

# एसएलसी परीक्षा केन्द्रको अनुगमन

राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय (जुम्ला) ले २०६९ सालमा सञ्चालित एसएलसी (प्रवेशिका) परीक्षाको अनुगमन गरेको छ ।

परीक्षा केन्द्रहरूमा फर्निचर, पानी, सौचालयलगायतका वस्तु तथा सेवा उपलब्ध रहेको, सुरक्षा व्यवस्था कडा र व्यवस्थित रहेको, जनशक्ति र स्रोत-साधनहरू पनि प्रयाप्त नै रहेको पनि अनुगमन प्रतिवेदनमा जनाइएको छ ।

कर्णाली उच्च माध्यमिक विद्यालयमा रहेको परीक्षा केन्द्रमा केन्द्राध्यक्षदेखि निरीक्षकसम्म सबै जना महिला खटिएको तथा त्यहाँ तैनाथ सुरक्षाकर्मीहरूमा पनि अधिकांश महिला नै भएको अनुगमन



प्रतिवेदनमा उल्लिखित छ ।

प्रतिवेदनमा जिल्ला शिक्षा अधिकारी नेपालहरि रानाभाट उधृत गर्दै यस पटकको परीक्षा शान्तिपूर्ण र तुलनात्मक रूपमा मर्यादित रहेको उल्लिखित छ ।

जुम्लाका परीक्षा केन्द्रहरू दुर्गा उच्चमाध्यमिक विद्यालय (लाम्रा), नेत्रज्योति माध्यमिक विद्यालय (हाकु), कर्णाली माध्यमिक विद्यालय (अनामनगर) र श्री चन्दनाथ उच्च माध्यमिक विद्यालय (विजयनगर) मा अनुगमन गरिएको थियो ।

जुम्ला जिल्लामा रहेका ३४ वटा माध्यमिक विद्यालयका नियमित र एक्जम्टेड गरी कुल दुई हजार पाँच सय विद्यार्थीले ११ वटा परीक्षा केन्द्रमा जाँच दिएको जानकारी जिल्ला शिक्षा कार्यालय (जुम्ला) बाट प्राप्त भएको छ ।


## केन्द्रीय कार्यालय

हरिहरभवन, ललितपुर, नेपाल
पोस्ट बक्स नं. ९१८२, काठमाडौं
फोन: ०१-५०१००१५, फ्याक्स: ९७७-१-५५४७९७३
इमेल: nhrc@nhrcnepal.org / वेबसाइट: www.nhrcnepal.org

## क्षेत्रीय कार्यालयहरू

**पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर**
वरगाछी, विराटनगर
फोन: ०२१-४६१९३१, ४६१०९३
फ्याक्स: ९७७-२१-४६११००
इमेल: nhrcbrt@nhrcnepal.org

**मध्य-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्ज**
शान्तिनगर, नेपालगञ्ज
फोन: ०८१-५२६७०७, ५२६७०८
फ्याक्स: ९७७-८१-५२६७०६
इमेल: nhrcnpj@nhrcnepal.org

**मध्यमाञ्चल क्षेत्रीय कार्यालय, जनकपुर**
जनकपुरधाम, धनुषा
फोन: ०४१-५२७८११, ५२७८१२
फ्याक्स: ९७७-०४१-५२७२५०
इमेल: nhrcjnk@nhrcnepal.org

**पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा**
जनप्रिय मार्ग, पोखरा
फोन: ०६१-४६२८११, ४६३८२२
फ्याक्स: ९७७-६१-४६५०४२
इमेल: nhrcpkr@nhrcnepal.org

**सुदूर-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, धनगढी**
उत्तर बेहडी (रातोपुल), धनगढी
फोन: ०९१-५२५६२१, ५२५६२२
फ्याक्स: ९७७-९१-५२५६२३
इमेल: nhrcdhn@nhrcnepal.org

### उप-क्षेत्रीय कार्यालयहरू

जुम्लाबजार, जुम्ला, फोन: ०८७-५२०२२२
दिक्तेल, खोटाङ, फोन: ०३६-४२०२८४
बुटवल, रूपन्देही, फोन: ०७१-५४६९११


**राष्ट्रिय मानव अधिकार आयोगको हालको हटलाइन नम्बर ५०-१०-०००**


## पत्राचारको लागि

सम्पादक, मानव अधिकारपत्र, राष्ट्रिय मानव अधिकार आयोग,
केन्द्रीय कार्यालय, ललितपुर
पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल
फोन: ०१-५०१००१५, फ्याक्स: ००९७७-१-५५४७९७३
इमेल: manav.adhikarpatra@nhrcnepal.org


प्रापक:

_______________

_______________

_______________

_______________

राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुरबाट प्रकाशित, पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल, फोन : ०१-५०१००१५, फ्याक्स: ०१-५५४७९३ सम्पादक : यमबहादुर दुरा